लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

फोन ०८४-४२१२०७
इमेल iakdo.bardiya@gmail.com
वेब साईट iakdobardiya.lumbini.gov.np
गुलरिया, बर्दिया

पत्र संख्या: २०८२/०८३
सूचना नं: ०६/२०८२/०८३

## कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना ।

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०८/२३**

एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार निम्न बमोजिमका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८२/०८/२३ देखि २०८२/०९/०८ सम्म) यस कार्यालयमा तपसिलको कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा,व्याबसायिक योजना, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट iakdobardiya.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ ।प्रस्ताब पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यस्को भोलिपल्ट कार्यालय समय भित्र प्रस्ताब पेश गर्नुहुन अनुरोध छ । थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ०८४-४२१२०७ र सूचना अधिकारीको सम्पर्क मो.न. ९८५८०३५२०८ मा गर्नसकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**कार्यक्रमहरु**

| क्र.स | कार्यक्रम | बजेट (रु. लाखमा) | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १. | व्यवसायिक तरकारी प्रवर्द्धन कार्यक्रम | २.४० | ➢ फर्म/ कृषक समुह/कृषि सहकारीले बालीको उत्पादन तथा प्राथमिक प्रशोधनसंग सम्बन्धित क्रियाकलापहरु<br>➢ बीउ विजन,बाली संरक्षण सुक्ष्मतत्व,जैविक विषादी आदी । | बाली/वस्तु: तराई(क्षेत्रफल)<br>तरकारी: ५ कट्ठा | जिल्ला भरी | ➢ बीउ विजन तथा टनेल निर्माणमा अधिकतम ५० प्रतिशत<br>➢ प्रति कट्ठा बढीमा रु ३००।- सम्म अनुदान सहयोग |
| २. | बीउ आत्मनिर्भर कार्यक्रम | २.४० | ➢ उत्पादन सामग्रीःस्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल,सुक्ष्म तत्व खरिद<br>➢ प्याकेजिङ सामाग्री,बीउ प्रमाणीकरण खर्च,प्रशोधन सहयोग,यन्त्र उपकरण खरिद,भण्डारण सामाग्री तथा बजारीकरणमा सहयोग । | बीउ आत्मनिर्भर कार्यक्रम न्युनतम देहायको क्षेत्रफलमा सञ्चालन गर्नुपर्ने ;<br>बीज वृद्धि: तराई(क्षेत्रफल कठ्ठा)<br>तरकारी बीउ: ७.५<br>लसुन तथा प्याज बिउ: १०<br>खाध्यन्न बाली बिउ: १५० | जिल्ला भरी | ➢ मुल/प्रजनन बीउ र सामाग्रीको हकमा तपशिलमा उल्लेखित रकममा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान रकम उपलब्ध गराइनेछ ।<br>➢ आलु (पि.वि.एस प्रति १०० दाना) बाट बीउ उत्पादनका रु २५००/-<br>➢ तरकारी,लसुन,प्याज तथा |



कमला अधिकारी
प्रमुख
(अधिकृतस्तर दशौं तह)

CamScanner

☎०८४-४२१२०७
ईमेल:ialdo.bardiya@gmail.com
वेब साईट: ialdobardiya.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकिकृत कृषि तथा पशुपन्छी बिकास कार्यालय

गुलरिया, बर्दिया

पत्र संख्याः २०८२/०८३

सूचना नंः ०६/२०८२/०८३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | दलहन/तेलहन बीउ — २०<br>आलु बिउ पि.वि.एस — ५०० दाना<br>आलु बिउ(अन्य स्तर) — २०<br>➢ बीउ उत्पादनमा संलग्न कृषक/कृषक समुह/कृषि सहकारीले आवेदन पेश गर्न सक्ने,<br>➢ एकल वा समुहमा बीउ उत्पादन गर्न सकिने,<br>➢ सामुहिक बीउ उत्पादन क्लष्टरमा गर्नुपर्ने,<br>➢ बिउ बिजन उत्पादन तथा कारोबार गर्ने अनुमतिपत्र लिएकव हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने,<br>➢ स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने । | | अन्य स्तर आलु बीउ उत्पादनमा प्रति रोपनी रु १५००/-<br>➢ खाध्यन्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति रोपनी रु १५००/- अनुदान दिइने ।<br>➢ |

कमला अधिकारी
प्रमुख
(अधिकृतस्तर दशौं तह)

पत्र संख्या: २०८२/०८३

सूचना नं: ०६/२०८२/०८३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रम | ४.० | ➢ सहकारी संघ/संस्थाहरु मार्फत कृषी/पशुपन्छीजन्य उत्पादन,प्रशोधन,बजारीकरणसँग सम्बन्धित प्रविधिमा आधारित मेसीन, औजार,उपकरण,सामाग्री मा सहयोग ।<br>➢ तालिम सञ्चालन । | ➢ सहकारी संघ/संस्थाहरुले कार्ययोजना सहितको प्रस्ताव कार्यलयमा पेश गर्नुपर्ने,<br>➢ नयाँ व्यवसाय सहकारी संघ/संस्थाले आफैले सञ्चालन गर्नुपर्ने वा सञ्चालन गर्दै आएको व्यवसाय भएमा व्यवसाय वा प्रविधि विस्तारसँग सम्बन्धित क्रियाकलापहरु थप गरी सञ्चालन गर्नुपर्ने,<br>➢ दर्ता भएको मितिले २ वर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ/ संस्थाहरु हुनुपर्ने,<br>➢ कानुनले तोकेको समयावधिभित्र वार्षिक लेखापरिक्षण र साधारण सभा सपन्न गरेको हुनुपर्ने,<br>➢ संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले आयोजना सञ्चालन गर्ने निर्णय गरेको प्रमाणित प्रतिलिपि पेश हुनुपर्ने,<br>➢ संस्थाको उद्देश्य र कार्यक्षेत्र प्रस्तावित आयोजनासँग मेल खाएको हुनुपर्ने,<br>➢ कानुनी रुपमा समस्याग्रस्त नभएका वा कालो सुचीमा नरहेको सहकारी संघ/संस्था हुनुपर्ने,<br>➢ दोहोरो अनुदान नपाएको सम्बन्धी स्वःघोषणा पत्र पेश गर्नुपर्ने । तर व्यवसाय विस्तार गर्ने क्रियाकलापको हकमा भने अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन ।<br>➢ अनुसुची २६ बमाजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने,<br>➢ दुई लाख भन्दा कम लागतको प्रस्ताव पेश गर्न पाईने छैन,<br>➢ सहकारी संघ/संस्था छनोटका आधार अनुसुची २७ बमोजिम हुनेछ । | जिल्ला भरी | ➢ सहकारी संघ/संस्थाले पेश गरेको प्रतावको कुल रकमको ५० प्रतिशत वा अधिकतम चार लाख सम्ममा जुन कम आउँछ सो रकम प्रदान गरिने । |
| ४ | कृषि समूह मार्फत बाखा प्रवर्द्धन कार्यक्रम बारबर्दिया | ४ | • खोर निर्माण सुधार, Dipping Tank खरिद/ निर्माण तथा जडान<br>• मेशिनरी औजार<br>• उन्नत घास खेती | • कृषक समूह मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने<br>• तराइमा प्रति फर्म कम्तिमा ५ माउ बाखा पालन गरेको हुनुपर्ने<br>• समूह समकारीको हकमा कम्तिमा | बारबर्दिया नपा म ५ बर्दिया | • फर्म/ कम्पिनीको हकमा प्रति आयोजना/अनुदानग्राही को अधिकतम रु १ लाख नबढने गरी र |



कमला अधिकारी
प्रमुख
(अधिकृतस्तर दशौं त

☎०८४-४२१२०७
ईमेल: ialdo.bardiya@gmail.com
वेब साईट: ialdobardiya.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

गुलरिया, बर्दिया

पत्र संख्याः २०८२/०८३
सूचना नं: ०६/२०८२/०८३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नपा ५ बर्दिया | | • नश्ल सुधार<br>• औषधि उपचार तथा खोप<br>• जैविक सुरक्षा | ५० माउ बाख्रापालन गरेको हुनुपर्ने<br>• महिला समूह/सहकारी मार्फत बाख्रा प्रवर्द्धन कार्यक्रमको हकमा कम्तिमा ३० माउ बाख्रापालन गरेको हुनुपर्ने<br>• पशुहरुको विमा गर्ने अभ्यास भएमा फर्म कम्पनी कृषक समूह सहकारी संस्थालाई प्राथमिकता दिनुपर्ने<br>• टहरा/खोर निर्माण हुने जग्गाको हकमा फर्म कम्पनी कृषक समूह सहकारी संस्थाको आफ्नै नाममा जग्गा भएको वा भाडामा लिने भए सम्वन्धित निकायको सिफारिस भै १० वर्षको करारनामा भएको हुनुपर्न | | कृषक समूह सहकारीको हकमा प्रति आयोजना अनुदानग्राहीको रु ५ लाख नबढ्ने गरी पूर्वाधार, नश्ल सुधार अन्य उत्पादन सामाग्री र यन्त्रउपकरणमा अधिकतम ५० प्रतिशत सहयोग |
| ५ | मुल्य अभिवृद्धिका लागि साना कृषि उद्योग सहयोग कार्यक्रम | ४ | • दुग्धजन्य परिकार (खुवा, पेडा छुर्पी कुल्फी आइसक्रिम पनिर दही आदी) र मासुजन्य परिकारहरु (ससेज सलामी मिटवल अचार आदी) उत्पादन<br>• परिकार लेवलिङ र प्याकेजिङ गर्ने क्रियाकपालहरु<br>• आवश्यक सामाग्री मेशिनरी औजार उपकरणहरु<br>• आवश्यक Food Preservative, ईडिवल रङ्ग सुक्ष्म जिवाणु आदी<br>• क्षमता अभिवृद्धि तालिम<br>• अभिलेखिकरण तथा रिपोर्टिङ्ग | • कार्यालयले प्राविधिक कार्यदल मार्फत दुध माछा मासुजन्य लघु उद्यम सञ्चालनको लागि तपसिलको सम्भाव्य क्षेत्रमा लघु उद्यम सञ्चालन गर्न इच्छुक फर्म कम्पनी कृषक समूह कृषि सहकारी छनौट गर्नुपर्ने<br>• व्यवसायिक रुपमा दुध तथा माछा मासु उत्पादन हुने क्षेत्र<br>• बाटो बिजुली खानेपानीको पहुँच भएको स्थान<br>• स्थानीय उत्पादनलाइ वजारीकरण गर्ने उद्द्श्यले स्थापना भएका ग्रामिण साना उद्योग<br>• लघु उद्यमबाट उत्पादन प्रशोधन प्याकेजिङ्ग गरी वजारमा उपलब्ध गराउनु पर्ने<br>• उद्यमशिलता सम्वन्धि तालिम व्यवहारिक अभ्यास भएको वा इच्छुक भएका आवेदकलाइ प्राथमिकता दिनुपर्ने<br>• लघु उद्यम सञ्चालन गरेको उद्यमिलाइ सो सम्वन्धि क्षमता विकास प्रवर्द्धनमा प्राथमिकता दिने | जिल्ला भरी | • कार्यक्रमको लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने<br>• कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान |
| ६ | उद्योग लक्षित मकै भट्टमास जौ | १.६ | • जमिन तयारी<br>• कम्पोष्ट रासायनिक मल औषधि खरिद | • साइजेज/ दाना उत्पादनका लागि खेती गर्न इच्छुक फर्म, कम्पनी, कृषक कृषि, सहकारी, समूह हुनुपर्ने | जिल्ला भरी | • कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति |



कमला अधिकारी
प्रमुख
(अधिकृतस्तर दशौं तह

☎०८४-४२१२०७
ईमेल: ialdo.bardiya@gmail.com
वेब साईट: ialdobardiya.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

गुलरिया, बर्दिया

पत्र संख्या: २०८२/०८३

सूचना नं: ०६/२०८२/०८३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उत्पादन सहयोग | | • सिंचाइ तथा गोडमेल<br>• वीउ खरिद<br>• मेशिनरी/कृषि औजार खरिद<br>• अन्य व्यवस्थापकिय खर्च | • साइजेज/ दाना जउद्योगसँग उत्पादन खरिद गरेन करार सम्झौता भएको प्रस्तावकलाइ प्राथमिकता दिनुपर्ने<br>• यस कार्यक्रममा सहभागी हुन कम्तिमा २० कठ्ठा खेती गर्नुपर्ने<br>• करार खेतीको हकमा कम्तिमा २ वर्ष करारनामा हुनुपर्ने | | हेक्टर बढिमा २५ हजार अनुदान<br>• प्रति अनुदानग्राही अधिकतम २० हेक्टर क्षेत्रफलसम्म सहयोग गर्न सकिने |

कमला अधिकारी
प्रमुख
(अधिकृतस्तर दशौं तह)



CamScanner

☎०८४-४२१२०७
ईमेल ialdo.bardiya@gmail.com
वेब साईट: ialdobardiya.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
गुलरिया, बर्दिया

पत्र संख्या: २०८२/०८३
सूचना नं: ०६/२०८२/०८३

---

प्रस्ताब साथ पेश गर्नुपर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन । (अनुसूची-२३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी) ।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक समूहको हकमा स्थायी लेखा नम्बर,प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने) ।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (कृषि तर्फ अनुसूचि-२४ र पशुपन्छी तर्फ अनुसूचि-२५ सहकारी मार्फत कृषि रुपान्तरणको लागि अनसूची २६ बमोजिम) ।
६. सम्बन्धित स्थानीय तहको सम्बन्धित शाखाको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।(समूह/संस्था/कम्पनीको हकमा)
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा अनुमानित लागत ईष्टिमेट र नक्सा ।
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि । जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष तोकिएको करार सम्झौता-पत्र) ।

पुनश्चः- माथि उल्लेखित सम्पूर्ण कार्यक्रमहरु "कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि-२०८२" अनुसार सञ्चालन गरिने हुँदा यस पश्चात कार्यविधिमा कुनै संसोधन हुन गएमा वा तालुक निकायबाट कुनै किसिमको निर्देशन प्राप्त भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ । थप जानकारीका लागि कार्यालय प्रमुखको मो.नं. ९८५८०३५२०७ कृषि कार्यक्रम तर्फ श्री फिर्तुमान चौधरीको मो.नं.९८४७८४४७८५, पशुपन्छी तर्फ डा. रुपेन्द्र कुमार ओलीको मो.नं. ९८५११०३७७५ र मत्स्य तर्फ श्री विनोद मल्ल मो.नं.९८६४९६३९०२ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

..........
कमला अधिकारी
(प्रमुख)

**कमला अधिकारी**
**प्रमुख**
**(अधिकृतस्तर दशौं तह)**

---

"व्यवसायिक र सिर्जनशील प्रशासन, विकास समृद्धि र सुशासन"